# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश ,नेपाल

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक ३ नं. प्रदेश नेपाल स्थापना: २०७३

पत्र संख्या : २०७६/७७ (शिक्षा, युवा तथा खेलकुद शाखा) मिति : २०७६/१२/१०

चलानी नं. शि. ९४६

श्री विद्यालयका प्रधानाध्यापकहरू सबै,
मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक ।

विषय : जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा संङ्गीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा ) को चलानी नं. ३९२ मिति २०७६।१२।०९ को पत्रमा संलग्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपतकालिन तथा विपद व्यवस्थापन इकाई, स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रको पत्र सख्या ०७६।०७७, च.न. ४६९ / HEDC मिति २०७६।१२।०२ को कोरोना भाइरस (कोभिड –१९) सम्बन्धी पुर्व तयारी तथा प्रतिकार्य सम्बन्धी आवश्यक व्यवस्था गर्ने सम्वन्धी पत्रानुसार प्रत्येक वडामा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको जनप्रतिनिधिको संयोजकत्वमा गठन गरिने तपसिल बमोजिमको समन्वय समितिमा सम्बन्धित वडामा रहेका विद्यालयका प्रधानाध्यापक सदस्य रहने व्यबस्था भएकोले सबै प्रधानाध्यापकहरूले आफ्नो विद्यालय रहेको वडाको सो समन्वय समितिमा रहेर काम गर्नुहुन जानकारीका लागि निर्देशानुसार अनुरोध छ ।

**तपसिल**

१. सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि :- संयोजक
२. सम्बन्धित वडाका जनप्रतिनिधिहरू :- सदस्य
३. सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थाका प्रतिनिधि :- सदस्य
४. सम्बन्धित वडामा रहेका विद्यालयका प्रधानाध्यापक :-सदस्य
५. स्थानीय समाजसेवीहरू मध्येबाट वडाले मनोनयन गरेको पाँचजना :- सदस्य
६. सम्बन्धित वडा कार्यालयको सचिव :-सदस्य सचिव

**बोधार्थ**

सुचना प्रविधि शाखा :- web- site मा अपलोड गरिदिनुहुन ।

२०७६।१२।१०

(सुधिनराज बुढाथोकी)
(अधिकृत सातौं)

सुधिनराज बुढाथोकी
अधिकृत सातौं

फोन नं :०११-४०११४१, ०११-४०११४२ वेबसाईड : www.melamchimun.gov.np ई-मेल dms.melamchimun@gmail.com
"मेलम्ची नगर सम्बृद्धिको आधार - कृषि, उद्योग, पर्यटन र जलाधार "